आज मिति २०७८।०३।१५ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटीको अध्यक्षतामा जिल्ला कोभिड - १९ व्यवस्थापन समितिको बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ., जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ., जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी. स.प्र.ना.उ,स.प्र.बल नं ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी, प्र.प्र.अ, रा.अ.जि.का. | - सदस्य |
| श्री जितेन्द्र कार्की, सह-सेनानी, सु.से.मु. गमगमढी | - सदस्य |
| श्री शोभा चौलागाई, नि.जि.स.अ. | - सदस्य |
| श्री करुणा भट्टराई, नि.स्वा.से.व्य., स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

**सल्लाहकार**

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

**अन्य उपस्थिति**

श्री धर्म बहादुर शाही, अध्यक्ष, ने.क.पा. ऐमाले मुगु
श्री गजेन्द्र बहादुर मल्ल, पाटी सचिव, नेपाली काँग्रेस मुगु
श्री विर्ख बहादुर थापा (मानव प्रकाश), ने.क.पा. माओवादी केन्द्र, मुगु
श्री , प्रतिनिधि, जनता समाजवादी पाटी, मुगु
श्री जय बहादुर मल्ल, सभापती, नेपाल रेडक्रस सोसाइटी, मुगु
श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री अच्युत भण्डारी, प्रतिनिधि, नेपाल पत्राकार महासंघ, मुगु
श्री ज्ञान सिंह बुढा, सि.अ.हे.व. (अ.छैठौं). स्वास्थ्य सेवा कार्यालय, मुगु

निर्णयहरु

निर्णय नं १

कोभिड-१९ को रोकथाम एवं नियन्त्रणका सम्बन्धमा यस अघि DCMC बैठकले गरेका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं २

यस जिल्लामा कोभिड-१९ (कोरोना भाईरस) को संक्रमण दर घट्दै गएतापनि जोखिमको अवस्था अझै कायमै रहेकाले यसको रोकथाम नियन्त्रणलाई प्रभावकारी बनाउदै आम नागरिकको जनजीवनलाई थप सहज पार्न समेत प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।३।१५ गते राति १२ बजेसम्म निषेधाज्ञा जारी गरिएकोमा हालको अवस्थालाई मध्यनजर गर्दै उक्त निषेधाज्ञा अवधिलाई मिति २०७८।०३।२३ गते राति १२ बजेसम्मका लागि निरन्तरता दिदै निम्न बमोजिम गर्ने/गराउने ।

क. संचालन गर्न नपाइने कार्यहरु

- अत्यावश्यक काम वाहेक घर बाहिर ननिस्कने ।अत्यावश्यक काम परि निस्कनै पर्ने भएमा अनिवार्य मास्क लगाउने, कम्तिमा २ मिटर भौतिक दूरी कायम गर्ने, स्यानीटाइजर प्रयोग गर्ने वा पानीले पटक पटक हात धुने । सभ्य नागरिकको हैसियतले जनस्वाथ्यका थप मापदण्डहरु पालना गर्ने गराउने ।
- सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, मनोरञ्जन स्थल, सैलुन, होटेल व्युटिपार्लर, जिमखाना, कवडहल, समुहमा खेल्ने खेलकुद, पुस्तकालय आदि सञ्चालन नगर्ने/नगराउने ।
- क्याम्पस, विद्यालय लगायतका सवै प्रकारका शैक्षिक संस्था तालिम प्रशिक्षण केन्द्रहरु तथा विद्यालयमा भौतिक रुपमा उपस्थित भई सञ्चालन हुने परीक्षाहरु नगर्ने ।
- मठ मन्दिर, मस्जित, चर्च, गुम्बा लगायतमा नियमित पाठ पूजा बाहेकका मानिस जमघट हुने गरी पाठ पुजाको क्रार्यहरु तथा गतिविधीहरु नगर्ने ।
- बालबालिका, जेष्ठ नागरिक र दीर्घरोगीहरु विरामी भई अस्पताल वा स्वास्थ्य संस्थामा जानु परेको अवस्थामा बाहेक घर बाहिर ननिस्कने ।
- जिल्ला प्रशासन कार्यालयद्वारा प्रवाह गरिने द्रुत सेवा राहदनी (पासपोर्ट) आषाढ मसान्त सम्म सञ्चालन नगर्ने ।
- विवाह कार्यक्रम गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी २ वटा गाडी सम्म प्रयोग गरी बढिमा १५ जनासम्म जन्तीको रुपमा सहभागी हुन पाउने र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्दै २५ भन्दा बढी हुने गरी विवाह घर वा स्थलमा भेला हुन नपाउने ।
- व्रतबन्ध लगायतका सामाजिक कार्य गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै बढीमा १५ जना बढ्ने गरी नगर्ने/नगराउने ।
- सामाजिक परम्परा अनुसार दाह संस्कारका लागि मलामि जाँदा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी २५ जना भन्दा बढी जान नपाउने ।

ख. संचालन गर्न पाइने सेवा तथा कार्यहरु

- सार्वजनिक सेवा प्रवाह गर्ने सरकारि, गैरसरकारी कार्यालय र विकास निर्माण सँग सम्वन्धित कार्यालयहरुले कोभिड-१९ को जोखिमलाई मध्यनजर गरी कार्यालयमा भिडभाड नहुने गरी जनस्वास्थ्यका मापदण्हरु पालना गर्दै

कार्यालय संचालन गर्ने । बैंक तथा वित्तिय संस्थाहरुले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सेवा संचालन गर्ने ।

- जिल्लामा संघ, प्रदेश, र स्थानिय तहद्वारा संचालित बहुवर्षिय तथा यस चालु आ.व. २०७७।७८ मा भुक्तानी दिइ सक्नुपर्ने योजना तथा सार्वजनिक विकास निर्माणका कार्यहरुमा जन स्वास्थ्यका मापदण्डहरु पालना गर्दै अनुगमन मुल्यांकन लगायत निर्माण कार्य संचालन गर्ने गराउने यसका लागि कामदारलाई भौतिक तथा समाजिक दुरी कायम गराई स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी गराई काममा लगाउने, कार्यस्थलमा काम गराउँदा मास्क, पन्जा, स्यानिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था सम्वन्धित व्यवसायी वा रोजगार दाताले उपलब्ध गराउनु पर्ने ।
- औषधि तथा स्वास्थ्य सामाग्रीहरु बिक्रि गर्ने पसलहरु खुला गर्ने ।
- खाद्यान्न, फलफुल, तरकारी, पानी, मासुजन्य पसल, दुग्धजन्य पसल, ग्यास लगायतका अत्यावश्यक एवम् दैनिक उपभोग्य बस्तुका पसलहरु र योजना/आयोजनामा प्रयोग हुने निर्माण सामाग्रीहरु बिक्रि वितरण गर्ने पसल, पुस्तक पसलहरु, कृषि र पशुपालनसंग सम्वन्धि मल, विउविजन, विरुवा, किटनाशक औषधि र पशु आहार बिक्री गर्ने पसलहरुमा स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गर्ने गरी विहान देखि साँझ ४.०० बजेसम्म खुला गर्ने ।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयनुसार यहि आषाढ १७ गते देखि आधा संख्यामा आन्तरिक हवाई सेवा सञ्चालन गर्ने भनि गरेको निर्णयअनुरुप नागरिकको आवतजावत लाई सहज बनाउन जन स्वास्थ्यका मापदण्डहरु पूर्णरुपमा पालना गर्दै सबै प्रकारका सवारी साधनहरुले सिट क्षमताको आधा संख्या प्रयोग गरी जिल्ला भित्र मात्र संचालन गर्न पाईने ।
- एम्बुलेन्स, शव बहान, दमकल, फोहोर मैला व्यवस्थापनमा प्रयोग हुने साधन, खाद्यान्न, स्वास्थ्य समाग्री, निर्माण सामाग्री, पाठ्यपुस्तक बोकेका साबारी साधनहरु, कुरियर तथा डाँक सेवा निर्वाधरुपमा संचालन गर्ने ।
- उद्योग धन्दा, कलकारखाना संचालन गर्दा आवासिय रुपमा श्रमिक/कामदारहरुले स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण परिपालन गर्ने गरी संचालन गर्ने ।

<u>निर्णय नं ३</u>

नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयांनुसार यहि आषाढ १७ गते देखि आधा संख्यामा आन्तरिक हवाई उडान गर्ने भनी व्यवस्था भएकोमा यस जिल्लामा रहेको ताल्चा विमानस्थलबाट मानिसहरुको संख्या बढ्न जाने भएकाले कोभिड-१९ को संक्रमणको जोखिमलाई रोकथाम तथा नियन्त्रण गर्नका लागि आवतजावत गर्ने मानिसहरुको अनिवार्य **Antigen** परिक्षण गर्ने व्यवस्था सम्बन्धित स्थानिय तहले मिलाउने ।

<u>निर्णय नं ४</u>

नयाँ भेरियन्ट सहितको कोभिड-१९ को बढ्दो संक्रमणको जोखिमलाई विश्लेषण गर्दा यदि एउटै टोलमा ५ जना भन्दा बढी संक्रमित भई जोखिमको अवस्था बढ्न गएमा उक्त टोललाई जोखिम मुक्त नहुन्जेल सम्म सिल गरि नियन्त्रणका लागि चाल्नु पर्ने सम्पूर्ण कदमहरुको जिम्मेवारी प्रहरी प्रशासनको सहयोग लिई सम्वन्धित स्थानिय तहले गर्नु पर्ने ।